# पाल्पा जिल्ला अदालत

# पाल्पा,तानसेन

फोन नं. -०७५-५२०११०
ईमेल-info.dcpalpa@supremecourt.gov.np

च.नं.
प.सं.०८२/०८३

मिति २०८२।०५।१९

## बिषयः– सूचना ! सूचना ! ! सुचना ! ! !

यसमा बाल न्याय सम्पादन कार्यविधि नियमावली २०७६ को नियम १३ र १४ बमोजिम बाल समाज सेवी र बाल मनोविज्ञ वा बाल बिशेषज्ञको रोष्ट्रर खडा गर्नु पर्ने भएकोले सोही नियमावलीको नियम १३ र १४ मा उल्लिखित देहायका योग्यता पुगेका व्यक्तिहरुले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र १ प्रति फोटो समेत संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस अदालतमा दरखास्त दिनु होला।

**योग्यता**

(क) बाल समाज सेवी

- मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बालबिकास वा बाल अधिकारको विषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा,
- मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा समाज सेवाको सम्वन्धमा कम्तिमा एक महिनाको तालिम प्राप्त गरेको र
- फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

(ख) बाल मनोविज्ञ वा बाल बिशेषज्ञ

- मान्यता प्राप्त विश्वविद्यालयबाट मोनोबिज्ञानमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा,
- मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तिमा स्नातक तह तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा बाल मनोविज्ञानका सम्वन्धमा कम्तिमा दुई महिनाको तालिम प्राप्त गरेको र
- फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

२०८२।०५।१९

सेस्तेदार
उपसचिव